"कृषि पर्यटन र व्यापार, सुरक्षित समृद्ध नगरको आधार"

# चैनपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चैनपुर, सङ्खुवासभा

पत्र संख्या: २०८२/०८३
चलानी नः

कोशी प्रदेश , नेपाल
मितिः २०८२/०८/२९
ने.सं. ११४६ थिंल्लागा ११ सोमवार

---

**विषयः- ७ (सात) दिने सार्वजनिक सूचना।**
**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/२९**

सङ्खुवासभा जिल्लाको चैनपुर नगरपालिका वडा नं. ६ मा रहेको भट्टराई मुहान र बृहत् खानेपानीको मुहानलाई उपयोग गरी चैनपुर नगरपालिका वडा नं. ६.स्थित भञ्ज्याङखर्कमा रहेको मानव बस्ती क्षेत्रमा स्वच्छ खानेपानीको उपलब्धताको लागि भञ्ज्याङखर्क जल उपभोक्ता संस्था चैनपुर-६ को संरचना निर्माण व्यवस्थापन गर्न प्रस्ताव गरिएको छ।

यस कार्यलाई व्यवस्थित गर्न चैनपुर नगरपालिका जल उपभोक्ता संस्था दर्ता सम्बन्धी कार्यविधि, २०७७ बमोजिम श्री टिकादत्त गौतमको अध्यक्षतामा ९(नौ) सदस्यीय गठन भएको **भञ्ज्याङखर्क जल उपभोक्ता संस्था, चैनपुर-६** दर्ता गरी उक्त समिति मार्फत आयोजना निर्माण कार्यान्वयन गर्न लागिएको छ।

उक्त जल उपभोक्ता संस्थाले संरचना निर्माण, कार्यान्वयन एवं सञ्चालन हुँदा चैनपुर नगरपालिका वडा नं. ६ को भञ्ज्याङखर्क लगायत अन्य प्रभावित क्षेत्रमा प्रस्तावित कार्यबाट पर्न सक्ने भौतिक, जैविक, सामाजिक, आर्थिक तथा सामाजिक अवयवहरू र अन्तरसम्बन्धमा पर्ने प्रभावहरूको बारेमा सम्बन्धित सार्वजनिक कार्यालय, विद्यालय, सामुदायिक वन, सङ्घ संस्था, गाउँ, टोल वस्ति एवं सरोकारवाला व्यक्तिहरूलाई यो सूचना प्रकाशित भएको सात (७) दिन भित्र लिखित राय सुझाव, उजुरी, प्रतिक्रिया पठाउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सूचना अवधिभरि कारण सहित निवेदन/राय सुझाव/उजुरी/गुनासो पेश हुन नआएमा उक्त खानेपानी योजना निर्माण गरी कार्यान्वयन/सञ्चालन गर्ने सम्बन्धित उपभोक्ता समिति/संस्था दर्ता हुने र यस पछि उक्त विषयमा कुनै पनि कारबाही नहुने वा सुनुवाइ नहुने व्यहोरा जानकारी गराइन्छ।

| राय सुझाव/उजुरी/गुनासो/प्रतिक्रिया पठाउने ठेगाना | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | खानेपानी योजना निर्माण सञ्चालन तथा व्यवस्थापन गर्न दर्ता हुने प्रस्तावित जल उपभोक्ता समिति/संस्था |
| चैनपुर नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>चैनपुर, संखुवासभा<br>इमेलः chainpurmun@gmail.com<br>फोनः ०२९-५७०२७०, ९८४३३६११३८ | **भञ्ज्याङखर्क जल उपभोक्ता संस्था, चैनपुर-६** ,संखुवासभा, कोशी प्रदेश, नेपाल। |

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री सूचना तथा सञ्चार प्रविधि शाखा/प्रशासन शाखाः सूचनापाटी र वेबसाइटमा सूचना प्रकाशित गर्न हुन।
श्री ६ नं. वडा कार्यालय, चैनपुर नगरपालिका, संखुवासभाः प्रभावित क्षेत्रमा पुग्ने गरि सूचना प्रकाशन गरिदिनु हुन।